CIVIC ACTION TEAMS

Coronavirus CivActs Campaign presents

# FAIR FACTS

अंक ११८

२६ ।०४ ।२०७८



## धनगढी उप-महानगरपालिका, वडा नं. ९ को खोप केन्द्रमा भेरोसेलको पहिलो मात्रा लगाईदै ।

तस्विर: गंगा भण्डारी



२०७८ साल श्रावण २२ गते देखी देशैभरी खोप अभियान सञ्चालन । श्रावण २२ गते देखी नै भेरोसेलको दोस्रो मात्रा दिईने ।

थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्

## यस अंक भित्र

**नेपाल भरिका महानगरपालिकाले कोभिड - १९ प्रतिकार्यका लागि विनियोजन गरेको बजेट ।**

महानगरपालिकाहरूले स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट औषतमा ४% छ, तर कोभिड - १९ सँग सम्बन्धित बजेट कुल बजेटको जम्मा १% मात्र छ ।

---

**वैदेशिक रोजगारीमा जानेहरुले QR कोड सहितको खोप कार्डका लागि अनलाईन फारम भर्नुपर्छ रे ।**

अब QR कोड सहितको खोप प्रमाणपत्रको लागि अनलाईनमा माग गरिएका कागजातहरु अपलोड गरेर प्राप्त गर्न सकिने छ ।

---

**चित्रको व्यापार चलेन, तर कुचोले चित्रमा आत्मा भर्ने कर्म निरन्तर चलिरहेको छ ।**

चित्रकारिताको ५०औं वर्ष पुरा गरेका साहको रंग कोभिड - १९ को प्रभावले धमिलो बनाईदिएको छ ।

# फ्याक्ट सिट

## नेपाल भरिका महानगरपालिकाले कोभिड - १९ प्रतिकार्यका लागि विनियोजन गरेको बजेट

### आर्थिक वर्ष २०७८/७९ को बजेट बिनियोजन




### ललितपुर

बजेट सार्वजनिक नगरेको

### काठमाण्डौ

जम्मा बजेट : १८,९५,७७,००,०००
स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट : ७०,१६,०२,००० (३.७%)
कोभिडसँग सम्बन्धित बजेट : २,२०,००,००० (०.१२%)

### पोखरा

जम्मा बजेट : ६,२७,७५,००,०००
स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट : २१,५०,००,००० (३.४२%)
कोभिडसँग सम्बन्धित बजेट : ३८५००००० (०.६१%)

### भरतपुर

जम्मा बजेट : ४,८१,१२,००,०००
स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट : ९,००,००,००० (१.८७%)
कोभिडसँग सम्बन्धित बजेट : २,४०,००,००० (०.५०%)

### बिरगञ्ज

जम्मा बजेट : ३,५५,३९,००,०००
स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट : २१,३०,००,००० (५.९९%)
कोभिडसँग सम्बन्धित बजेट : उल्लेख गरिएको छैन

### बिराटनगर

जम्मा बजेट : ४,१०,०३,००,०००
स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट : १८,०१,००,००० (४.३९%)
कोभिडसँग सम्बन्धित बजेट : ३,००,००,००० (०.७३%)

कोभिड - १९ विरुद्धको प्रतिकार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । हरेक स्थानीय तहलाई कोभिड - १९ विरुद्धको प्रतिकार्यलाई प्राथमिकतामा राख्न सरकारले निर्देशन गरेको थियो, तर बजेट बिनियोजन गर्दा प्राय स्थानीय तहले यस तर्फ ध्यान नदिएको देखिन्छ । कोभिडको संक्रमण दर फेरी बढ्दै गरेको अवस्थामा, सबैभन्दा बढी जिम्मेवार स्थानीय तहहरुले यसमा प्रयाप्त बजेट छुट्याउन आवश्यक छ । जबकी महानगरपालिकाहरुले स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट औषतमा ४% छ, तर कोभिड - १९ सँग सम्बन्धित बजेट कुल बजेटको जम्मा १% मात्र छ । यसले के देखाउँछ भने, संक्रमितको संख्यामा भईरहेको बृद्धी र यसले निम्त्याउने आर्थिक संकटको समयमा कोभिड - १९ विरुद्धको प्रतिकार्यका लागि नेपालका महानगरपालिकाहरु तयार छैनन् ।

स्रोत: https://www.facebook.com/mohpnep/photos/a.489825198172671/1203603786794805/

# हल्ला र तथ्य

अब
वैदेशिक रोजगारीमा
जानेहरुले QR कोड सहितको
खोप कार्डका लागि अनलाईन
फारम भर्नुपर्छ रे । अनलाईनमा
पहुँच नहुनेले चाहीँ के गर्ने ?

हो, अब वैदेशिक रोजगारीमा जानेहरुले QR कोड सहितको खोप प्रमाणपत्रको लागि https://vaccine.gov.np/public-request-form मा गई माग गरिएका कागजातहरु अपलोड गरेर प्राप्त गर्न सकिने छ । त्यसका लागि राहदानी, खोप कार्ड र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो अपलोड गर्नुपर्दछ । अनलाईनमा पहुँच नहुनेले भने राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र कीर्तिपुरमा माथि उल्लेख गरिएका कागजातका सक्कल र छायाँ कपी पेश गरेर QR कोड सहितको खोप प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

Source: https://cutt.ly/LQnrkfa

कोभिड - १९ को लक्षण
देखिएका र संक्रमितको
सम्पर्कमा आएका व्यक्तिले अब
वडालाई जानकारी गराएर मात्र
पिसिआर परीक्षण गराउनु पर्छ भन्छन्
। के अब आफै अस्पताल गएर
परीक्षण गराउन नपाउने हो
?

त्यस्तो भनेको होईन । कोभिड - १९ को लक्षण देखिएका र संक्रमितको सम्पर्कमा आएका व्यक्तिले नेपाल सरकारले निशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह वा जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन भनेको हो । भिडभाड रोक्न र स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गराउन यस्तो भनिएको हो ।

Source: https://cutt.ly/HQnqvYA

लङ
कोभिडले लामो
समयसम्म स्वास्थ्यमा
असर गर्छ भन्ने कुरा आईरहेको
छ । के वास्तवमै यसले असर
गर्छ भन्ने कुनै आधार
भेटिएकाछन् ?

लङ कोभिडको सबै कोभिड संक्रमितमा देखिदैन । संक्रमित मध्ये थोरै व्यक्तिमा मात्र लङ कोभिडको लक्षण देखिन्छ । विशेष गरेर, मुटु, फोक्सो, छाला, गन्ध, निन्द्रा र मस्तिस्क सम्बन्धी दिर्घकालिन समस्या भएका व्यक्तिलाई यसको लक्षण देखिन सक्छ । यद्यपी, यस सम्बन्धी अध्ययन जारी रहेकोले, अहिले नै यकिन रुपले यसको असरको बारेमा भन्न सकिने अवस्था छैन ।

Source: https://www.who.int/docs/default-source/coronaviruse/

# कोभिड - १९ खोपको ताजा अपडेट

अहिलेसम्म प्राप्त जम्मा खोपको मात्रा **१,०५,२६,२७०**






१८ वर्ष माथिको जम्मा जनसंख्या *(खोपको लागि योग्य जनसंख्या)*:
**२,०२,९१,२५४**



१८ वर्ष उमेर समुह माथि पूर्ण खोप प्राप्त जनसंख्या प्रतिशतमा
**१२.२८%**



१८ वर्ष उमेर समुह माथीको जम्मा जनसंख्यालाई आवश्यक जम्मा खोपको मात्रा
**३,७५,१२,८०८**

## खोपको माग गर्दै विभिन्न समुह द्वरा विरोध प्रदर्शन

COCAP



शिक्षक



विद्यार्थी



यातायात व्यवसायी



पर्यटन व्यवसायी

## यूएईमा विस्तारै कोभिड - १९ का संक्रमित घट्दै

### यूएई:




- हिजरी नयाँ वर्षको अवसरमा अगस्ट १२ मा सार्वजनिक बिदा ।
- अबुधावीमा पिसिआर परीक्षणको ६५ दिरहाम मात्र लाग्ने । त्योभन्दा बढी लिएको छ भने उजुरी गर्न सकिन्छ ।
- बैठक, कार्यक्रम तथा प्रदर्शनीहरुमा जानका लागि कोभिड - १९ विरुद्धको पूर्ण मात्रा खोप लगाएको हुनुपर्ने ।
- अब ८०% क्षमताका साथ मल, होटल, सिनेमा सुचारु गर्न पाइने छ । साथै, विभिन्न कार्यक्रम ६०% क्षमताका साथ स्वास्थ्य मापदण्ड अपनाएर गर्न पाइने छ ।
- अगस्ट, २०२१ का दिन ३ महिना एताकै सबैभन्दा कम कोभिड - १९ का केसहरु देखीएका छन् । यसले, अब बिस्तारै संक्रमितहरु घट्दै गएको देखाउँछ ।

### कुवेत:

- ९ अगस्टमा ईस्लामिक नयाँ वर्षका अवसरमा सार्वजनिक बिदा ।
- नेपालको खोप कार्ड प्रमाणीकरणमा QR कोड सर्टिफीकेट दिन सुरु गरेको छ । यो अनलाईन तथा अफलाईन दुबै माध्यमबाट लिन सकिन्छ । केही सर्टिफिकेटमा जन्म मिती बि.स.मा भएकोले आफ्नो पूर्ण विवरण हेरेर मात्र नाम रजिष्टर गर्नुहोला ।
- अगस्ट १५ बाट सबै सरकारी कार्यालयहरु सामान्य समयमा सञ्चालनमा आउने छन् ।
- १२ वर्ष माथिकालाई पनि खोप लगाउन सुरु गरिएको छ । १ दिनमा १ लाख जनालाई खोप लगाइने ।
- नेपाल, भारत, पाकिस्तान, श्रिलंका र बाङ्लादेश कुवेतको हाइ रिस्क लिस्टमा । कुवेतमभै खोप लगाएकाले सिधै कुवेत आउन पाउनेछन् । तर, कुवेत बाहिर खोप लगाउनेले भने प्रमाण सहित तेस्रो मुलुकमा क्वरेन्टाइन बसी आउनु पर्ने छ ।

### साउदी अरब:

- साउदी जाने श्रमिकहरुलाई खोप लगाए पनि ७ दिन क्वेरन्टाइन बस्नु पर्ने नयाँ नियम ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## चित्रको व्यापार चलेन, तर कुचोले चित्रमा आत्मा भर्ने कर्म निरन्तर चलिरहेको छ

महोत्तरी जिल्ला सदरमुकाम जलेश्वरको महादेव मन्दिर अगाडी साह कला घर छ । त्यहाँ चित्रकार रामएकवाल साहको हातमा जहिले पनि रंग पोतिएको कुचो हुने गर्दछ । मन्दिर परिसरमा आउने जो कोहीको मन पनि उनले बनाएका चित्रले तानिरहेको हुन्छ । उनले तिनै चित्रहरू बेचेर जिविकोपार्जन गर्ने गरेका छन् । उनका चित्रहरू नेपालको काठमाण्डौ, पोखरा देखी भारतको दिल्ली र मुम्बई सम्म पुगेका छन् । चित्रकारिताको ५०औं वर्ष पुरा गरेका साहको रंग कोभिड - १९ को प्रभावले धमिलो बनाईदिएको छ । अर्थात उनको एकमात्र रोजिरोटीलाई नराम्ररी प्रभावित बनाईदिएको छ ।

बिचमा उनले आफुले कोरेका चित्रको भर्चुअल प्रदर्शनी त गरे, तर उनले मेहनतलाई मुल्यमा रुपान्तरण गर्न सकेकका छैनन् ।

**बजार ठप्प भए पछि उनको चित्रको व्यापार त चलेन, तर उनको कुचोले चित्रमा आत्मा भर्ने कर्म निरन्तर चलिरहेको छ । उनलाई थाहा छैन, महामारीको प्रभाव कहिलेसम्म रहने हो, तर उनी आफुसँग भएको अद्भुत क्षमतामा अंकुश लगाउन चाहदैनन् ।**






उसो त उनका तिन जना छोराहरूले चित्रकलाको ज्ञान हुँदाहुँदै पनि अर्कै पेशा रोजे, कारण उनिहरूले चित्रकलामा व्यवसायिक भविष्य देखेनन् । तर रामएकवालसँग यो उमेरमा अर्को विकल्प छैन ।

चित्रकलामा योगदान दिए बापत साहले डेढ दशक अगाडी सरकारबाट गोरखा दक्षिणबाहु चौथो पदवि पाए । सरकारले पनि साह जस्ता राष्ट्रिय प्रतिभाको संरक्षण गनुपर्ने हो । तर, उनी सरकारको मुख ताक्नु भन्दा चित्र कोर्नमै रमाईरहेका छन् । अर्को कुरा, उनी ठुला शहरमा गएर पनि आफ्नो प्रतिभाको दायरा फराकिलो बनाएर नामा र दाम दुबै कमाउन सक्थे, तर उनले जन्म थलोलाई नै कर्म थलो बनाए । चित्रकारिताको माध्यमबाट आफ्नो ठाउँलाई देश विदेश चिनाए र उनी यसैमा सन्तोष मानिरहेका छन् । महामारीले उनको व्यवसाय प्रभावित पारे पनि उनका चित्रमा देखिने रंगिन सपनालाई प्रभावित पार्न सकेन

# भोइसेस आउट लाउड - मेरो कुरा

आफु कोरोना संक्रमितको उपचारमा खटिनुपर्ने भएकोले डेढ वर्षको बालकलाई संक्रमण हुनबाट बचाउन दुई महिना अगाडी निषेधाज्ञाको बिचमा रातारात सिन्धुली सासुससुराको घरमा पठाउनुपर्‍यो । उपचारको लागि अस्पताल आउने बिरामीको अवस्था हेर्दा आफु पनि बाँचिदैन जस्तो लाग्थ्यो, तर उपचारमा खटिनुको विकल्प थिएन । अहिले सामाजिक सञ्जालमा कोराना सम्बन्धी बिविन्न अपुष्ट सामाग्री र फोटोहरु राख्ने क्रम बढेको छ । यसले संक्रमित र संक्रमितका आफन्तको मनोबल घटाउँछ । त्यसैले समाजलाई त्रसित बनाउने खालका सामाग्री सामाविक सञ्जालमा राख्न रोक लगाए मात्र पनि धेरै बिरामी मनौज्ञानिक तवरले संक्रमणको सिकार हुनबाट बच्दछन् ।

## पविला थापा

अहेव,
हेटौडा अस्पताल





## अनिता थापा

स्टाफ नर्स,
नेपालगञ्ज मेडिकल कलेज, बाँके

मलाई लाग्छ, हामी अस्पतालमा कार्यरत कर्मचारी सबै कोभिडबाट अछुतो रहेनौं । स्वास्थ्य मापदण्ड अपनाउँदा अपनाउँदै पनि हामी संक्रमित भयौं र केही दिन पछि सञ्चो भएर पुन: बिरामीको सेवामा खटियौं । तेस्रो लहरका संक्रमित पनि देखिइसकेका छन् । त्यसैले, सबै जना आ-आफ्नो ठाँउबाट सचेत भई सावधानीका उपायहरु कडा रुपमा अपनाउनु जरुरी छ । अझैपनि गाँउमा बस्ने धेरै व्यक्तिले खोप पाएका छैनन् र कतिपयलाई त खोपको बारेमा जानकारी पनि छैन् । त्यसैले, उनिहरु लक्षित खोप सचेतना कार्यक्रम पनि आवश्यक छ ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**

@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219